# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# कर्मचारी सरुवा तथा जिम्मेवारी सम्बन्धी मापदण्ड २०८१

बैशाख, २०८१

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## कर्मचारी सरुवा तथा जिम्मेवारी सम्बन्धी मापदण्ड, २०८१

**प्रस्तावनाः**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सेवामा कार्यरत कर्मचारीहरूको मनोबल उच्च बनाई विभिन्न क्षेत्रमा कार्य अनुभव दिलाउन क्षमता विकास गरी कर्मचारी सरुवा प्रणालीलाई व्यवस्थित, पारदर्शी एवं अनुमानयोग्य बनाउनका लागि परिषद्को कर्मचारी सेवा, शर्त तथा सम्बन्धी विनियमावली, २०६९ परिच्छेद सात (७) सरुवा सम्बन्धी व्यवस्थालाई प्रभावकारी ढंगबाट कार्यन्वयन गर्न परिषद् कार्यालयले कर्मचारी सरुवा तथा जिम्मेवारी सम्बन्धी मापदण्ड, २०८१ तयार गरी लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस मापदण्डको नाम ‘‘कर्मचारी सरुवा तथा जिम्मेवारी सम्बन्धी मापदण्ड, २०८१’’ रहेको छ ।

(ख) यस मापदण्ड परिषद्को स्थायी सेवामा रहेका कर्मचारीहरूको सरुवा तथा जिम्मेवारी तोक्ने प्रयोजनमा लागु हुनेछ ।

(ग) यस मापदण्ड परिषद् कार्यालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

क. “परिषद कार्यालय” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् केन्द्रीय कार्यालय सम्झनु पर्छ।

ख. “प्रदेश कार्यालय” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्रदेश कार्यालयलाई सम्झनु पर्छ।

ग. “शिक्षालय” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आँगिक प्राविधिक शिक्षालय, पोलिटेक्निक वा तालिम केन्द्र सम्झनु पर्छ।

घ. “कार्यालय” भन्नाले परिषदको केन्द्रीय कार्यालय र परिषद अन्तर्गतका अन्य कार्यलय समेतलाई जनाउनेछ।

**३. शिक्षालयको प्रमुखमा जिम्मेवारीका आधारः**

(क) शिक्षालयको स्वीकृत दरवन्दी अनुसारको पद श्रेणी भएको,

(ख) स्वीकृत दरवन्दी मध्ये जेष्ठता, क्षमता र योग्यता भएको,

(ग)शिक्षालयमा सञ्चालन भएका शैक्षिक कार्यक्रमहरू मध्ये कुनै एक कार्यक्रमसँग विषय मिलेको,

(घ)न्यूनतम स्नातक उपाधी प्राप्त गरेको वा कम्तिमा अधिकृत स्तर तृतिय श्रेणीको पदमा कार्यरत रहेको,

(ङ)प्राविधिक तथा प्रशिक्षण सेवामा कम्तिमा पाँच वर्ष सेवा अवधि पुरा भएको

(च)दरबन्दी अनुसार पद श्रेणीको कर्मचारी तत्काल व्यवस्था गर्न नसकिने अवस्था भएमा जेष्ठतम् कर्मचारी मध्येबाट कायम मुकामको जिम्मेवारी दिन सकिने छ । यसरी कायम मुकायमको जिम्मेवारी दिदा माथिल्लो पदमा बढुवाको लागि जेष्ठता र कार्यक्षमताको योग्यता पुगेका कर्मचारी तथा प्रशिक्षकलाई मात्र कायम मुकायमको जिम्मेवारी दिनु पर्ने छ ।

(छ) शिक्षालयमा उप-प्रमुख वा विभागीय प्रमुख जिम्मेवारी बहन गरेको,

(ज) शिक्षालय प्रमुखको जिम्मेवारी सामान्यतया २ बर्षको हुने छ ।

(झ) सामान्यतया एक शिक्षालयमा एक कार्यकाल पुरा गरेको शिक्षालय प्रमुखलाई कार्यकाल थप वा अर्को शिक्षालयमा प्रमुखको रुपमा जिम्मेवारी दिदा निजले सम्पादन गरेको क्षमतालाई मापन गरिनेछ। शिक्षालय प्रमुखको क्षमताको मापन गर्दा शिक्षालयबाट उर्त्तिण प्रशिक्षार्थीको प्रतिशत र उत्पादित जनशक्तिको रोजगारी प्राप्तिलाई मुख्य आधारको रुपमा लिईनेछ।

(ञ) शिक्षालय प्रमुखको पदावधि समाप्त भए पछि पुनः सोही शिक्षालयमा वरिष्ठ प्रशिक्षक/प्रशिक्षकको रुपमा रही काम गर्न सक्नेछ।

(ट)जिम्मेवारी तोक्दा महिला कर्मचारीहरूलाई प्राथमिकता दिइनेछ।

(ठ) कम्तीमा १ बर्ष भन्दा कम सेवा अवधि भएका प्रशिक्षक तथा कर्मचारीहरुलाई शिक्षालय प्रमुखको जिम्मेवारी दिइने छैन ।

## ४. कर्मचारी सरुवाका समयावधीः

क. कर्मचारी सरुवा गर्दा कार्ययोजना बनाई बर्षको एक पटक मात्र गरिनेछ।

ख. परिषद्ले प्रत्येक बर्षको आषाढ मसान्त भित्र सम्बन्धित प्रशिक्षक तथा कर्मचारीहरुबाट निबेदन माग गर्ने र श्रावण महिनाभित्र सरुवा गर्नु पर्नेछ।

तर कुनै कर्मचारीको राजिनामा अवकाश तथा अन्य कुनै कारणबाट रिक्त हुन आउने स्थानमा पूर्ति गर्न बाधा मानिने छैन ।

ग कर्मचारी सरुवा गर्दा एक आर्थिक बर्षमा कार्यालयको कुल दरबन्दीको पच्चीस प्रतिशत भन्दा धेरै कर्मचारीको सरुवा गरिने छैन।

**५. सरुवाको सामान्य आधार**

परिषद्को कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ तथा अन्य प्रचलित कानुनमा उल्लेख भएका प्रावधानहरूको अधिनमा रही कर्मचारी सरुवा गर्दा देहाय बमोजिमका आधारहरू अवलम्बन गरिनेछः

(क) कर्मचारीको सरुवा गर्दा समान श्रेणी र पदनाम हुनेगरी गर्नु पर्नेछ।

(ख) कर्मचारी सरुवा गर्दा सामान्यतया दुई वर्षको अवधि तोकी सरुवा गर्नुपर्नेछ। तर कार्यरत कर्मचारीले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको अवस्था आएमा त्यस्ता कर्मचारीहरूका हकमा जुनसुकै बखत सरुवा गर्न सकिनेछ।

(ग)कार्यालयको गोप्य तथा संवेदनशील काममा संलग्न हुने कर्मचारीले जिम्मेवारीपूर्वक तोकिएको कार्य सम्पादन गरेको नपाइएमा जुनसुकै बखत सरुवा गर्न सकिनेछ।

(घ)पदपूर्ति गरिएको पदमा सुरु नियुक्ति हुने कर्मचारीलाई सम्बन्धित कार्यालयमा पाँच बर्ष सेवा नगरी अन्यत्र सरुवा गरिने छैन।

(ङ)बढुवा भई पदस्थापना भएको पदमा दुई बर्ष सम्म सेवा नगरी अन्यत्र सरुवा गरिने छैन।

(च)कर्मचारी सरुवा गर्दा शैक्षिक योग्यता , क्षमता, कार्य दक्षता एवं साविकका पदमा रही गरेको कार्य सम्पादन मूल्याङ्कन समेतलाई आधार मानिनेछ।

(छ) शिक्षालयमा प्रशिक्षक सरुवा गर्दा प्रशिक्षण गर्न पाउने शैक्षिक योग्यतालाई आधार मानिनेछ।

(ज)कार्यलयमा कार्यरत कर्मचारीको सरुवा गर्दा सम्बन्धित सेवा, समूह र पदमा लगातार सबैभन्दा बढी अवधि कार्यरत कर्मचारीलाई त्यस्तो कर्मचारीको मागका आधारमा सरुवा गर्न पहिलो प्राथमिकता दिइनेछ।

(झ)वैदेशिक अध्ययन तथा तालिम वा स्वदेशमा अध्ययन विदा पूरा गरी फर्केका कर्मचारीहरूलाई तोकिएको कार्यालयमा खटाइनेछ। यसरी खटाइएको कार्यालयमा जान अटेर गरेमा निजलाई बिभागीय कार्यबाही गरिने छ ।

(ञ)कुनै परियोजनामा कार्य गरेको कर्मचारीलाई पुनः अन्य परियोजनामा खटाइने छैन।

(ट)जिम्मेवारी तोक्दा वा कर्मचारी सरुवा गर्दा विशेष लक्षित समुहलाई प्राथमिकता दिनु पर्नेछ।

(ठ)विभागीय कारवाहीको प्रक्रियामा रहेका कर्मचारीलाई सो कारवाहीको किनारा नटुङ्गिन्जेलसम्म कुनै पनि जिम्मेवारी दिईनेछैन।

(ड)केन्द्रिय कार्यालयका विभिन्न महाशाखा तथा कार्यालयको अनुभव दिलाउने गरी महाशाखा तथा कार्यालयहरुमा दुईवर्ष अवधि तोकी सरुवा गर्नुपर्नेछ।

(ढ)प्रदेश कार्यालय र शिक्षालयमा कर्मचारी व्यवस्थापन गर्दा प्रदेश कार्यालय वा शिक्षालयको अनुभव दिलाउने गरी केन्द्रिय कार्यालयबाट सरुवा गरिनेछ ।

(ण)अनिवार्य अवकास मार्फत सेवा निवृत हुन एक बर्ष भन्दा कम सेवा अवधि भएका कर्मचारीलाई निजले मागको अवस्थामा वाहेक सरुवा गरिनेछैन।

(त)यस आधार र विनियमावलीमा व्यबस्था भए बमोजिम पदस्थापना तथा सरुवा भएका कर्मचारीहरूलाई नियमानुसार रमाना दिनु कार्यालय प्रमुखको कर्तव्य हुने छ ।

(थ) परिषद् केन्द्रिय कार्यालयका विभिन्न महाशाखा, राष्ट्रिय सीप परीक्षण समिति र प्राविधिक प्रशिक्षण प्रतिष्ठान तथा प्रदेश कार्यालयमा निरन्तर रुपमा ५ बर्षदेखि एकै ठाउमा कार्यरत सबै कर्मचारीहरुलाई अनिवार्य रुपमा सरुवा गर्नुपर्नेछ। साथै परीक्षा नियन्त्रण कार्यालयको हकमा परीक्षा सम्बधी विनियमावली २०७१ ले तोके बमोजिम हुने गरी अनिबार्य रुपमा सरुवा गर्नुपर्नेछ।

(द) शिक्षालय र प्रदेश कार्यालयमा कार्यरत प्राविधिक प्रशिक्षकहरुको हकमा उपदफा (थ) मा भएको व्यवस्था अनिवार्य हुने छैन् ।

(ध)प्राविधिक प्रशिक्षण प्रतिष्ठानको ट्रेनरहरुको हकमा परिषद् कार्यालयले तोके अनुसार हुनेछ।

## ६. सरुवाको विशेष लक्षित समुह

देहायका लक्षित समुहका कर्मचारीको सरुवा गर्दा निजलाई यथासक्य पायक पर्ने कार्यालयमा सरुवा गर्नु पर्नेछ।

क. कम्तिमा ख वर्गको अपाङ्गता भएका कर्मचारी वा निज परिवारको कुनै एक सदस्य क र ख वर्गको अपाङ्गता भएको। यस बुँदाको निमित्त “परिवार” भन्नाले एकाघर भई बस्ने आमा, वुवा, छोरा, छोरी, श्रीमान/श्रीमतीलाई मात्र जनाउँछ। महिला कर्मचारीको हकमा सासु, ससुरालाई समेत बुझाउँछ।

ख. गम्भीर प्रकृतिको बिरामी भएमा ।

ग. एकल महिला।

घ. ५० बर्षको उमेर पुरा भएको महिला कर्मचारी।

ङ. प्रसूति विदा वा प्रसूतिस्याहार विदा लिएको एक बर्ष भुक्तान नभएको।

च. दुर्गम क्षेत्रमा कार्यरत रहेका कर्मचारी।

## ७. सरुवा तथा जिम्मेवारी तोक्ने अधिकार

क. परिषद् कार्यालयले केन्द्रीय कार्यालय र अन्तर्गत कार्यालय, प्रदेश कार्यालय र शिक्षालयहरूमा कर्मचारीहरूको सरुवा गर्नेछ।

ख. योग्यता, क्षमता र वरिष्ठताको आधारमा शिक्षालय संचालक समितिको सिफारिसमा परिषद् कार्यालयले शिक्षालय उप-प्रमुख तोक्नेछ।

## ८. बिबिध

क. यो मापदण्ड परिषद् मातहतका निकायहरूमा हुने सरुवाको लागि मार्गदर्शकको रुपमा लिनुपर्नेछ।

ख. यो मापदण्ड प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म मापदण्डको व्यवस्था अमान्य हुनेछ।

ग. यो मापदण्डको प्रयोगमा द्विविधा उत्पन्न भएमा यस सम्बन्धी व्याख्या परिषद् कार्यालयले गर्नेछ।

घ. यो मापदण्डको संशोधन परिषद् कार्यालयले गर्न सक्ने छ।

ङ. प्रदेश कार्यालयको निर्देशकको जिम्मेवारी तोक्दा उक्त प्रदेश अन्तर्गतका शिक्षालय प्रमुख भन्दा कनिष्ठलाई प्रदेश प्रमुखको जिम्मेवारी दिइने छैन ।

च. लेखामा काम गर्ने कर्मचारीमा देखिएको अभावलाई पूर्ति गर्न हाल परिषद् प्रशासन सेवामा रहेका कर्मचारीहरूमध्येबाट लेखा समुहमा सेवा प्रवेशको न्युनतम शैक्षिक योग्यता भएका प्रशासन सेवाका कर्मचारीहरूलाई लेखा सम्बन्धी तालीम दिई लेखाको जिम्मेवारी दिन सकिने छ ।प्राविधिक सेवाका कर्मचारीहरूलाई लेखा, प्रशासन र स्टोरको जिम्मेवारी दिन सकिने छैन । तर प्राविधिक सेवाका कर्मचारीहरूलाई सम्बधित शाखाको स्टोरको जिम्मेवारी दिन बाधा पर्ने छैन ।